# रेडप्लस प्रक्रियाका जटिलता

**भोला भट्टराई**[१]

जलवायु परिवर्तनको वहसमा महत्वपूर्ण स्थान पाएको रेडप्लसको अवधारणाबारे यस लेखमा चर्चा गरिनेछ । संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी प्रारुप महासन्धि (UNFCCC) अन्तर्गत उत्सर्जन कटौतीको लागि सबैभन्दा सस्तो उपायको रुपमा मानिएको रेडप्लस अवधारणाबारे जति चर्चा भए पनि यसको प्रक्रिया र यसले निम्त्याएका जटिलताका कारण थुप्रै सवाल उब्जेका छन् ।

## रेडप्लस अवधारणा

रेडप्लस अग्रेजी शब्द हो । जसको अर्थ वन विनाश र क्षयीकरण घटाउने (Reducing Emission from Deforestation and forest Degradation-REDD) हो । जलवायु परिवर्तनमा योगदान पुऱ्याउने विविध ग्यासको उत्सर्जनमा नकारात्मक असर पार्ने कार्बनलगायतका ग्यासहरुको भूमिका प्रदूषण/उत्सर्जन बढाउने कार्यमा वनको क्षयीकरण र विनाशको कारणले करिब १७% हिस्सा ओगटेको छ । वनको जथाभावी कटानी/फँडानी, आगलागी, जंगल क्षेत्र, कृषि सडक आदिमा परिवर्तन गरिनाले कार्बन उत्सर्जन बढ्दै जाने गर्दछ । यद्यपि वनको संरक्षण गर्ने हो भने वायुमण्डलमा रहेको कार्बनडाइअक्साइडजस्ता ग्यासलाई सोसेर उत्सर्जन घटाउनसमेत वनले मद्दत गर्दछ । विकासोन्मुख मुलुकमा वन विनाशको दर घटाउन, गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउन प्रस्ताव गरिएको रेड कार्यक्रम एक सस्तो र प्रभावकारी माध्यमको रुपमा स्वीकार गरिएको छ ।

जलवायु परिवर्तनको विविध विषयमा छलफल गर्ने थलो संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी महासन्धिमा सन् २००५ देखि रेडले प्रवेश पाए पनि २००७ मा इन्डोनेसियाको बालीमा भएको सरकारी निकायका प्रतिनिधिको भेला (COP 7) बाट औपचारिक मान्यता पाएको हो । उक्त समयदेखि हालसम्म यस विषयमा थुप्रै निर्णय भएका छन् भने कतिपय सवालमा चुनौती पनि थपिदै गएका छन् ।

## रेडप्लस के हो ?

रेडको बारेमा माथि केही चर्चा भयो । प्लस (+) ले रेडमात्रै होइन, थप कुरा पनि छ भन्ने दर्शाउँछ । COP को प्रत्येक बर्ष हुने सम्मेलनमा रेडलाई वन विनाश नियन्त्रण गर्ने कुराको साथमा थप विषयमा समेत मान्यता दिलाईदैछ । यही थप विषयलाई रेडप्लस (REDD+) भनिन्छ । COP-17 क्यानकुन सम्झौताले रेडप्लसलाई वन विनाश र वनको क्षय न्यूनीकरण, वन सुशासन, वनमाथिको स्वामित्व, लैंगिक पक्ष र अधिकार सुरक्षाका आधारमा व्याख्या गरेको छ ।

रेडले वन विनाश घटाउने नाममा स्थानीय जनताले परम्परागत रुपमा प्रयोग गर्दै आएको वन अधिकारको सुनिश्चितता गर्नुपर्दछ । रेडले फाइदा र लाभांशको न्यायोचित वितरणको ग्यारेण्टी गर्नुपर्दछ । वनमाथि स्थानीय समुदाय, आदिवासी जनजातिको पहुँच बढाउनुपर्छ । यसो भयो भनेमात्र रेड कार्यान्वयन हुन सक्छ ।

## रेडप्लसमार्फत वनको कार्बन ब्यापार हुन्छ ?

रेडप्लसको अवधारणाले वनको संरक्षण र व्यवस्थापनमार्फत दिगो वन व्यवस्थापनको परिकल्पना गरेको छ । "दिगो वन" को लागि- वन जोगाउने समुदायलाई सरकारी, निजी वा बाह्य क्षेत्रबाट हौसला प्राप्त हुन्छ । खासगरी, ठूला निजी कम्पनी वा धेरै उत्सर्जन गर्ने कम्पनी तथा राष्ट्रहरुले वन जोगाउने राष्ट्र (समुदाय)लाई सो वापतको क्षतिपूर्ति दिने प्रतिबद्धता रेडप्लसभित्र पर्दछ । रेडप्लसको अवधारणाले वन जोगाउँदा रुखले सोस्ने कार्बनको मात्रा अनुसार भुक्तानी गर्ने प्रणालीको विकास गरेको हुन्छ । कसले कति मात्राको कार्बन सञ्चित गऱ्यो ? त्यसको मापन गर्ने, प्रतिवेदन तयार पार्ने र परीक्षण/प्रमाणीकरण गराइन्छ र सोही आधारमा कार्बन बजारले वनको कार्बन खरिद गर्ने गर्दछ ।

[१] पत्राचार: nafannepal8@gmail.com

## रेडप्लसले सामाजिक सुरक्षाको प्रत्याभूति गराउँछ ?

रेडप्लसको स्वीकृत सिद्धान्त छ । सो सिद्धान्तअनुसार वनको संरक्षणकर्ता व्यक्ति तथा समुदायको वनमाथिको स्वामित्व किटान गर्नुपर्ने, परम्परागत भोगाधिकारले मान्यता पाउनुपर्ने, यस प्रक्रियामा सरोकारवालाको प्रभावकारी संलग्नताको सुनिश्चतता हुनुपर्ने, लाभांश बाडँफाँट न्यायोचित हुनपर्ने आदि पक्षको वकालत गर्दछ । कुनै पनि देशले सामाजिक सुरक्षाको पक्षलाई वेवास्ता गरेमा रेडप्लस कार्यान्वयन हुन सक्दैन ।

## नेपालमा रेडप्लसको अवस्था विश्लेषण

नेपाल सरकारले सन् २००९ मा वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत एक रेड इकाई स्थापना गरेको छ । बहुसरोकारवाला निकायको निर्देशनमा काम गर्ने सो इकाईमार्फत हाल रेडप्लसका विविध पक्षमा गतिविधि सञ्चालन भइरहेका छन् ।

## रेड कार्यान्वियन लागि संस्थागत संरचना

रेडप्लस कार्यान्वयनको लागि नेपाल सरकारले संस्थागत संरचना तयार पारेको छ । तदर्थ रुपमा रहेको भए पनि यो संरचनाको काम भनेको रेड कार्यान्यवयनमा सहजीकरण गर्ने हो । रेडको लागि वनमन्त्रीको अध्यक्षतामा रेड एपेक्स समूह छ । जहाँ ११ वटा मन्त्रालयका प्रतिनिधि एवं निजीक्षेत्र, नागरिक समाज आदिको प्रतिनिधित्व छ भने रेड कार्य समूह अर्को तह हो, जहाँ वन मन्त्रालयका सचिवको संयोजकत्वमा नागरिक समाज र सरकारी प्रतिनिधिको प्रतिनिधित्व छ । यी दुवै तहको नीतिगत निर्देशनलाई कार्यान्वयन गर्ने काम रेड इकाईले गर्दछ ।



## रेड कार्यान्वयनका लागि योजना तर्जुमा

नेपाल सरकारको रेड कार्यान्वयन इकाईले विश्व बैंकको वन कार्बन साझेदारी कार्यक्रम (Forest Carbon Partnership Facility-FCPF) को सहयोगमा रेड कार्यान्वयन तयारी योजना (Readiness Preparation Proposal-R-PP) निर्माण गऱ्यो । सोही योजना कार्यान्वयनका लागि समेत विश्व बैंकको सहयोगमा विविध कार्य भइरहेका छन् । रेड रणनीति निर्माण, सामाजिक तथा वातावरणीय सुरक्षा योजना, नीतिगत विश्लेषण, क्षमता अभिवृद्धिलगायत गतिविधि अगाडि बढिरहेका छन् ।

## रेड कार्यान्वयनको प्रयोगात्मक असर

नेपाल सरकार एवं अन्य साझेदार संघ-संस्थाले रेड कार्यान्वयनमा विभिन्नखाले प्रयोगात्मक परियोजना सञ्चालन गरिरहेका छन् । भुक्तानी प्रणालीको विकासबारे इसिमोड, एन्साव र फेकोफनले नर्वेजियन सहयोगमा परियोजना सम्पन्न गरेको छ । विश्व वन्यजन्तु कोषले कार्बन मापन सम्बन्धी परियोजना तयार गरी लागु गरेको छ भने अन्य संघसंस्थाले समेत क्षमता अभिवृद्धि, अभिलेखीकरण आदि परियोजना सञ्चालन गरिरहेका छन् । हालसम्मको प्रयोगका आधारमा रेडको विश्लेषण गर्ने हो भने, यो एक जटिल र महँगो प्रक्रियाको रुपमा देखिन्छ । बाह्य सहयोग बिना हाम्रो आफ्नै प्रयासमा यो कार्य असम्भव छ । अर्कोतर्फ हेर्ने हो भने बजारको सुनिश्चितता छैन । रेडप्लसको सिद्धान्तलाई हुबहु प्रयोगमा ल्याउन थुप्रै लगानी आवश्यकता पर्छ । यदि रेडलाई वनको समग्र शासकीय रुपान्तरणका लागि उपयोग गर्न नसक्ने हो भने रेडको कुनै सान्दर्भिकता रहँदैन ।

## रेड कार्यान्वयन प्रक्रियामा उठेका प्रमुख सवाल

रेडको अवधारणा सुन्नमा जति सहज छ, कार्यान्वयनमा अत्यन्त जटिल छ । रेडको कार्यान्वयनबारे अन्तराष्ट्रियस्तरमा जति बहस र छलफल भए पनि स्थानीय र राष्ट्रिय तहमा यसले पर्याप्त स्थान पाउन सकेको छैन । सरोकारवाला निकायको सूचनामा पहुँच छैन । वनका संरचना समावेशी छैनन् । सरकारको स्पष्ट नीति, रणनीति र कार्यनीतिबिना रेडका गतिविधि सञ्चालन भइरहेका छन् । जसलाई जे लाग्यो, त्यही रुपमा रेड गतिविधि अगाडि बढेको छ । आफै कुशासनको चक्रब्यूहमा फसेको रेड कार्य समूहको निर्देशनमा काम गर्ने रेड इकाई (सेल) पनि अपारदर्शी र एकलकाँटे भएर अगाडि बढेको छ । रेड कार्बन व्यापारका लागि विभिन्न परियोजना तयार गर्न केही गैरसरकारी संस्था लागेका छन् । बिनाछलफल, जानकारी र क्षमता बेगर "प्रक्रिया" अगाडि बढाइएको छ । विभिन्न कामका लागि परामर्शदाता नियुक्तिभन्दा पूर्व सरोकारवालासँग न्यूनतम सहमतिसम्म नगरी गरिएको कार्यप्रति भविष्यमा उठ्ने प्रश्नप्रति वास्ता नगरिनु दुर्भाग्यपूर्ण हो ।

**तालिका १**

**REDD+SES का सिद्धान्तहरू**

१. रेडप्लस कार्यक्रमले भूमि, क्षेत्र र स्रोत माथिको अधिकारलाई मान्यता र सम्मान प्रदान गर्दछ ।

२. रेडप्लस कार्यक्रमका लाभलाई यसका सबै सम्बन्धित अधिकारवाला र सरोकारवालाबीच आपसमा समन्यायिक रुपमा बाँडफाँट गरिन्छ ।

३. रेडप्लस कार्यक्रमले महिला, अति सीमान्तकृत र उच्च जोखिममा परेका मानिस समेतलाई विशेष मध्यनजर राख्दै आदिवासी-जनजाति र स्थानीय समुदायको सम्पन्नता र दीर्घकालीन जीविकोपार्जन सुरक्षामा सुधार गर्दछ ।

४. रेडप्लस कार्यक्रमले सुशासन, वृहद किसिमको दिगो विकास र सामाजिक न्यायका लागि योगदान गर्दछ ।

५. रेडप्लस कार्यक्रममा जैविक विविधता र पर्यावरणीय सेवाको संरक्षण र अभिवृद्धि गरिन्छ ।

६. रेडप्लस कार्यक्रममा सबै सम्बन्धित अधिकारवाला र सरोकारवाला पूर्ण र प्रभावकारी रुपमा सहभागी हुन्छन् ।

७. रेडप्लस कार्यक्रमले स्थानीय एवं राष्ट्रिय सान्दर्भिक कानुन र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजको पालना गर्दछ ।

रेडको योजना निर्माण गर्दा प्रतिबद्धता व्यक्त गरिएअनुसार दात्तृ संघ-संस्थाले समेत आफ्ना पकेटका गैरसरकारी संघसंस्था च्यापेर काम गर्ने र रिपोर्टिङ गर्ने कार्य गरेका छन् । प्रक्रियाबाट बाहिर पारिएका समुदाय र संघसंस्थालाई सूचनामा पहुँच छैन र जानकारी

गराइँदैन । अवसरसमेत आफ्नो इच्छा र चाहनाअनुसार काम गर्नेलाई उपलब्ध गराइने गरिएको छ । यस परिवेशमा नेपालको रेडप्लस कार्यान्वयनका प्रमुख सवाललाई संक्षिप्तमा प्रस्तुत गरिएको छ :-

## जलवायु परिवर्तन नीति २०११ र रेड कार्यान्वयन

रेडप्लस कार्यान्वयनका लागि हालसम्म छुट्टै नीति तथा रणनीति बनेको छैन। जलवायु परिवर्तन नीति २०११ नै यसको मूल नीति हो। जलवायु परिवर्तन नीतिको कार्यान्वयनका लागि तत्काल जलवायु परिवर्तन ऐन तथा नियमावली बनाउने नीतिगत व्यवस्था भए पनि २ वर्ष बित्न लाग्दा समेत यस विषयले ठाउँ पाएको छैन । रणनीतिको संरचनागत प्रारुप केही व्यक्ति बीच आदान-प्रदान भए पनि "आदिवासी जनजाति महासंघ" ले सो दस्तावेज नेपाली भाषामा हुनुपर्ने, प्रक्रिया पारदर्शी र बहुसरोकारवाला निकायको प्रतिनिधित्वमा हुनुपर्ने माग गरेको छ। तर, पनि यस विषयलाई सुनुवाई गरिएको छैन ।

### *क) वन क्षेत्रका अन्य नीति र रेड रणनीति*

नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयले वन विकास गुरुयोजना (२०४६) को अवधि समाप्त भएकोले वनको दीर्घकालीन रणनीति निर्माण प्रक्रिया अगाडि बढाएको छ। अर्कोतर्फ सोही मन्त्रालयको रेड कार्यान्वयन इकाई रेड रणनीति निर्माणमा लागेको छ। यद्यपि यी दुई समानान्तर कामको नतिजामा के फरक हुने हो ? यी दुईबीचको सम्बन्ध र समन्वय के हुने ? स्पष्ट छैन ।

बाह्य सहयोगमा प्राप्त रकम खर्चमात्र गर्ने होडबाजी र आइएनजिओ र दात्तृ संस्थाको चाहना मात्रै पूरा गराउने गरी हुने यस्ता कार्यबाट हाम्रो वन क्षेत्रमा के सकारात्मक प्रभाव पर्ला ?

### *ख) अन्य रणनीतिसँग रेड रणनीतिको सम्बन्ध*

वन क्षेत्र सम्बन्धित विभिन्न नीति तथा रणनीतिहरुले पनि वन विनाश र क्षयीकरण घटाउने प्रतिवद्धता प्रस्तुत गरेका छन् । वन अतिक्रमण नियन्त्रण रणनीति, कबुलियती वन नीति, संरक्षित वन सम्बन्धी कार्यक्रम, वन नीति (२०५७), वैज्ञानिक वन व्यवस्थापन सम्बन्धी (मस्यौदा) कार्यनीति आदिसँग रेड रणनीति र रेड कार्यान्वयनको तालमेल हालसम्म भएको छैन् । भविष्यमा यो तालमेल के कसरी गरिन्छ ? भन्ने स्पष्टता छैन् । भूमि नीति र कृषि नीतिसँगको तालमेल कसरी गराइन्छ ? स्पष्ट छैन ।

## रेडप्लसको सवाल : प्रभावकारी संलग्नता र समावेशीकरण

नेपालको रेडप्लस गतिविधि पूर्ण पारदर्शी, समावेशी र उत्तरदायी वन्न सकेको छैन । रेडका Apex body को प्रभावकारिता छैन् । तीन बर्षको अन्तरालमा यो निकायले पूर्णता पाउन सकेको छैन । रेड कार्य समूह- प्रतिनिधिमुलक वनेको छैन । रेड कार्य समुहको प्रतिनिधिको कुनै समय सीमा, उत्तरदायित्व र जवाफदेहिता छैन वा सरोकारवाला निकायले सही प्रतिनिधित्व आवश्यक भएको आवाज मौखिक र लिखित रुपमा पेस गरे पनि वर्षौंदेखि सो को सुनुवाई भएको छैन। महिला, दलित, मधेसी आदिले प्रतिनिधित्व खोजेको भएता पनि पाउन सकेका छैनन् । साझेदारी वन उपभोक्ता महासंघले तराईको वनको प्रतिनिधित्वको माग गरेको छ तर पनि त्यसको सुनुवाई भएको छैन । यसैगरी रेडप्लस कार्यान्वयनको लागि गठन गरिएका प्राविधिक समूह समेत असमावेशी छ । आदिवासी जनजाति महासंघले त यस विषयमा असहमति पत्र नै दर्ता गरेको छ तर पनि सुनुवाई भएको छैन ।

राष्ट्रिय जनवकालत मञ्च नेपालले रेड कार्यसमूहबाट भएका निर्णयको प्रतिलिपि माग गर्दै निवेदन दिएको महिनौं भएको छ तर पनि प्राप्त गर्न सकेको छैन । रेड कार्य समूह तथा रेड सेलले आयोजना गर्ने तालिम/गोष्ठीमा सहभागी हुन चाहने- वन- वातावरण श्रमिक संघ, युवा गै.स.स. महासंघ, निजी वन सरोकारवाला महासंघलगायत संघ-संस्थालाई समावेश गराउन समेत रेड सेल तयार छैन ।

## रेडप्लसले सामाजिक सवालको सम्बोधन कसरी गर्ला ?

नेपाल सरकार र केही अन्तराष्ट्रिय संघ-संस्थाको तर्फबाट नेपालमा रेडप्लसको कार्यान्वयनमा तिब्रता दिइएको छ। नेपालका स्थानीय समुदाय, आदिवासी-जनजाति, केही नागरिक समाजका संघ-संस्थाहरु पनि सँग-सँगै विना (प्रर्याप्त) क्षमता रेडप्लस कार्यान्वयनका लागि दौडिरहेका छन् । विश्व बैंकको मातहतमा रहेको वन कार्बन साझेदारी कार्यक्रम FCPF ले प्रदान गरेको रेड पूर्व तयारी सहयोग अनुदानको रकम समयमा नै खर्च गर्न नसकिरहेको नेपाल सरकार रेड इकाईले पछिल्लो

समयमा थुप्रै विषयमा परामर्शदाता नियुक्त गरेर निकै सक्रियता देखाएको छ । रेडप्लसको आवश्यक तयारीको लागि जलवायु परिवर्तनका लागि संयुक्त राष्ट्रसंघीय महासन्धिअन्तर्गत विभिन्न सामाजिक सुरक्षाका सवालमा छलफल र निर्णय लिइएको भएता पनि त्यसको कार्यान्वयनमा पक्ष राष्ट्रले कसरी उचित ध्यान दिने छन् ? यस विषयमा थुप्रै अस्पष्टता कायमै छ । एकातर्फ रेड कार्यन्वयनमा साझेदारी कार्यक्रमअन्तर्गत "कार्बन इमिसन न्यूनीकरण" वापत भुक्तानीको तयारी गरिदैछ भने अर्कोतर्फ समग्र रेडको पूर्वतयारीका क्रममा नै रेडले निम्त्याउने सामाजिक द्वन्द न्यूनीकरणका लागि उचित संरचना, विधि, नीति-नियम निर्माणका लागि समेत ध्यान पुऱ्याउन आह्वान गरिएको छ । रेडको कार्यान्वयनमा संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्बन्धी महासन्धिको निर्णय तथा विश्वबैंकको सामाजिक सुरक्षा नीति दुबैको कार्यान्वयन अनिवार्य सर्त हो । यही आवश्यकतालाई मध्यनजर राखेर वन कार्बन साझेदारी कार्यक्रमको साझेदारी समितिको जुन २०१२ मा भएको वैठकले क्यानकुन बैठकको निर्णय नं. 1/CP 16 अनुसूची-I र डर्बानमा भएको सुरक्षा सूचना प्रणाली सम्बन्धी निर्णय नं. 12/CP.17 लाई आत्मसात गर्दै विश्व बैंकको सामाजिक सुरक्षा नीतिसँग समाहित गरेको छ । अन्तराष्ट्रियस्तरमा प्राथमिकता दिइएको सामाजिक सुरक्षाको यो सवाललाई राष्ट्रिय र स्थानीय तहमा रेडको कार्यान्वयनमा कसरी ध्यान दिइनेछ? यसमा सरोकारवालाले उठान गरेका सवाल यहाँ प्रस्तुत गरिनेछ ।

## सामाजिक सुरक्षा सम्बन्धी क्यानकुन निर्णय

"Cancun Safeguards" भनेर चिनिने यो निर्णय महासन्धिको सरकारी भेलाको निर्णय नं. 1/CP 16 अनुसूची १ प्याराग्राफ २ मा उल्लेखित छ । COP 16 मा मेक्सिकोमा भएको सो निर्णयका प्रमुख विषय र त्यसको कार्यन्वयनमा उठेका सवालमा तल चर्चा गरिनेछ ।

***रेडप्लसको सुरक्षासम्बन्धी अवधारणाको कार्यान्वियन गर्दा बनका राष्ट्रिय कार्यक्रम (नीति नियम) तथा अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताबीच तालमेल हुनेगरी गरिनेछ ।***

सवालः रेडप्लसको कार्यान्वयन यदि यथास्थितिमा नै गरिने भने यसले सामाजिक, आर्थिक र वातावरणीय पक्षमा कुनै ठोस परिवर्तन ल्याउन सक्दैन । त्यसैले नेपाली समाजले रेडलाई रुपान्तरणको एक साधनका रुपमा बुझेको छ र बुझ्नुपर्दछ । नेपालको वन प्रशासनमा तथा वनको सबै तहका शासकीय स्वरुपमा गम्भीर समीक्षा गरिनुपर्ने बेला भएको छ । समतामूलक वनको शासन, समावेशी शासकीय संयन्त्र आजको आवश्यकता हो । महिला, दलित, जनजाति र नेपालको विविध भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदायको पहुँच र नियन्त्रण बढ्ने गरी शासकीय रुपान्तरण जरुरी भएको छ । के यस कार्यमा रेडका यस्ता सिद्धान्तलाई नेपाल सरकारले सही ढंगले कार्यान्वयन गर्ला ? यी शंका कायम नै छन् ।

***रेडप्लसले पारदर्शी र प्रभावकारी राष्ट्रिय वन शासनको संयन्त्र निर्माण गर्नेछ , जसमा राष्ट्रिय नीति तथा सार्वभौमिकतालाई ख्याल गरिनेछ ।***

सवालः रेडप्लस कार्यान्वयन पूर्व "तयारीको चरणमा" हामी हाम्रो वनको शासन पारदर्शी र प्रभावकारी भएको हेर्न चाहन्छौ । तर हालसम्मको बहस र छलफललाई हेर्दा यो शासकीय रुपान्तरण आशा गरिए जस्तो परिवर्तन हुनेवाला छैन । वनको प्रशासन हालसम्म सहजकर्ता, न्यायधिस, प्रहरी जस्ता निकायको रुपमा कार्य गर्दै आएको छ जुन तत्काल परिवर्तित हुन चाहदैनन् । वन प्रशासनको प्राविधिक केन्द्रित सोचाइलाई सहज ढंगले परिवर्तन गर्न सम्भव देखिएको छैन । रेडप्लसको तयारी चरणमै सरोकारबालाहरुले अपेक्षा गरेका निम्न कुरा सरकारले सम्बोधन गर्न सक्ला त ?

- वनको शासकीय संरचनाको पूर्ण समीक्षा गर्ने
- वन प्रशासनको महँगो संरचनालाई सरल बनाइ, जिम्मेवारी हस्तान्तरण गर्ने (यस कार्यमा वन व्यवस्थापन समुदाय, प्राविधिक पक्षमा-प्राविधिकहरु र प्रशासनको लागि मात्र-सरकारी निकाय)
- वन प्रशासनमा समाजशास्त्र तथा मानवशास्त्रका विज्ञलाई नियुक्त गरी प्रत्येक जिल्ला वन कार्यालय र मन्त्रालय/विभागको योजना शाखामा परिचालन गर्नुपर्नेः वन भन्ने विषय अब वन प्राविधिकको बिषयमात्र होइन,

समाजको अंग-प्रत्यंगसँग सम्बन्ध रहेकाले यसको पूर्णसंरचना पनि सोहीअनुसार हुन आवश्यक छ ।

### *रेडप्लसले आदिवासी-जनजाति तथा स्थानीय समुदायको अधिकार र ज्ञानलाई सम्मान गर्नुपर्ने ।*

सवालः रेड कार्यान्वयन गर्नुपूर्व नै हाम्रा परम्परागत मान्यता र चलनचल्तीका वन व्यवस्थापन पद्धतिले मान्यता पाउनुपर्दछ । नेपालका विभिन्न ठाउँमा आदिवासी-जनजातिले आफैले परम्परागत संरक्षण गरेका जंगलको अधिकार खोसिएको छ । तराईका घना जंगलबाट त्यहाँका बासिन्दा टाढिन पुगेका छन् । यस्तो अवस्थामा वनमाथिको अधिकारबाट त्यस्ता समुदायको अधिकार स्थापित गरिनुपर्दछ । नेपाल सरकार के त्यस्ता समुदायको अधिकार पुर्नस्थापित गर्न तयार छ? तराइ-मधेसका बासिन्दाले खोजेको वन अधिकार हस्तान्तरण गर्न रेडले सहयोग पुऱ्याउँछ? आदिवासी जनजातिको परम्परागत अधिकार, वन व्यवस्थापन गर्ने ज्ञानलाई सम्मान गरेर कानुन तथा विधि र कार्यक्रम लागू गर्न के सरकार तयार छ ?

### *रेड कार्यान्वयनमा आदिवासी-जनजाति र स्थानीय समुदायको पूर्व र प्रभावकारी सहभागिताको ग्यारेन्टी गरिनुपर्दछ ।*

सवालः महासन्धिले निर्दिष्ट गरेको यस सिद्धान्त कार्यान्वयनमा नेपाल सरकार उदासीन छ । अवसर र पहुँचको अभावमा कतिपय सरोकारवाला तथा अधिकारवाला पक्षहरु रेडको बहसमा भागसमेत लिन पाइरहेका छैनन् । खासगरी तराई-मधेसका समुदाय एवं दुर्गम भेगमा बसोबास गर्ने आदिवासी, दलित र महिलाको सहभागितालाई उचित स्थान दिइएको छैन । रेडको सन्दर्भमा लागु भएका क्षमता अभिवृद्धिका परियोजना पनि पहुँच पुग्ने र राजधानी वरपरका जिल्लामा नै केन्द्रित भएका छन् । तराई-मधेसी, दुर्गम पहाडी क्षेत्र, दलित समुदायमा यस्तो अवसर अझै पुग्न सकेको छैन् ।

रेडको कार्यान्वयनमा माथि उल्लेखित समुदायको प्रभावकारी सहभागिताका लागि उपयुक्त क्षमता अभिवृद्धि, नागरिक सञ्जाल निर्माण, बहस छलफलको चौतारी एवं नीति-निर्माण तहमा प्रतिनिधित्वजस्ता पक्षमा नेपाल सरकारले उचित ध्यान दिनसक्छ? आफ्नो किसिमले छानेर प्रतिनिधि तोक्ने अवस्थाको अन्त्य गरेर सहभागितामूलक प्रक्रियाबाट प्रतिनिधि छान्न पाउने वातावरणमा नेपाल सरकारको पहल हुन्छ त? यस्ता प्रश्नको जवाफसँगै रेडको भविष्य जोडिएको छ ।

### *वनको प्राकृतिक अवस्थामा सुधार, जैविक विविधताको संरक्षण गर्दै पारिस्थितिक सेवा तथा सामाजिक फाइदामा अभिवृद्धि पुग्नुपर्दछ ।*

सवालः रेडको सिद्धान्तले अंगीकार गरेका कुरालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने दायित्व सरकार र सरोकारवाला निकायको हो तर समाजको आवश्यकता र चाहनाविपरित सरकारले वनलाई जनताको पहुँचबाट अलग्याउने कार्यमा राष्ट्रिय निकुञ्ज विस्तार तथा संरक्षित क्षेत्र घोषणा गरिरहेको सन्दर्भमा के नेपाल सरकार आफै सहभागी भई गरिएको अन्तर्राष्ट्रिय निर्णयको पालनामा इमान्दार बन्दैछ त ? भन्ने गम्भीर प्रश्न खडा भएको छ ।

### सामाजिक र वातावरणीय सुरक्षाको ग्यारेण्टी

रेडको गतिविधि अगाडि बढाउँदा यसले निम्त्याउने सामाजिक र वातावरणीय पक्षबारे पर्याप्त अध्ययन गरिनुपर्ने हो । तर, यस पक्षमा उल्लेखनीय काम हुन सकेको छैन । सरकारले प्रतिवद्धता जनाएअनुसार रेडबारे जानकारी प्रवाह गरिएको छैन । विभिन्न सामाजिक संघ-संस्थाले उठाएका- समावेशीकरण, पूर्वसूचना पाउने र संलग्न हुन पाउने अधिकारबारे प्रष्टसँग वताइएको छैन । वन कार्बन व्यापारका लागि प्रस्तावना तयारी गरिदैछ । तर, उचित छलफल भएका छैनन् । विश्व वन्यजन्तु कोषको सहयोगमा बागमती नदी पश्चिमका सम्पूर्ण तराई जिल्ला समावेश गरी कार्बन व्यापारको तयारीको लागि प्रस्तावना तयार गरी विश्व बैंक (FCPF) मा बुझाइँदैछ । यदि FCPF ले यो प्रारम्भिक प्रस्ताव स्वीकृत गरेमा कार्बन व्यापारका लागि लिखित सम्झौता गरिनेछ ।

यस विषयमा सो क्षेत्रका वन समुदाय (खासगरी साझेदारी वन उपभोक्ता समूह र सामुदायिक वन उपभोक्ता समुह) एवं सो क्षेत्रमा रहेका गैरसरकारी संघसंस्थालाई कसरी जानकारी गराइन्छ ? उनीहरुसँग कसले र कहिले परामर्श गरिन्छ ? उनीहरुको वन कार्बन अधिकारलाई कसरी सुनिश्चित गरिन्छ ? यी र यस्ता सवालमा प्रशस्त बहस र छलफल आवश्यक छ । अर्कोतर्फ रेड रणनीतिको प्रारुप मस्यौदा भएको भएता पनि रेड कार्बनको लाभांश बाँडफाँटको संयन्त्र, सरोकारवालाको भूमिका, बाँडफाँटको अनुपात आदि पक्षसमेत किटान भएको छैन् । रेडको अनुगमन र मूल्यांकन पद्धतिबारे के कस्तो संरचना बन्ने छ ? आदिवासी जनजाति, दलित, मधेसी आदि वन संरक्षकको प्रत्यक्ष संलग्नता कसरी गराइन्छ? प्रष्ट पारिएको छैन ।

विश्व बैंक, FCPF ले किटान गरेका SESA सम्बन्धी मार्गदर्शनले नेपालको SESA रणनीति प्रक्रियालाई कसरी आत्मसात गर्छ? स्पष्ट छैन । विदेशी परामर्शदाता नियुक्ति गरिए पनि उनीहरुले हाम्रो आर्थिक समाजिक र राजनीतिक यथार्थमा रहेर रणनीति तयार कसरी गर्लान् ? अधिकारवाला र सरोकारवालाको सम्मेलन विना यो कसरी सम्भव होला ? आदि प्रश्न अझै कायम नै छन् ।

## रेडप्लस कार्यान्वयनको लागि स्पष्ट कार्यदिशा आवश्यक

नेपालको वन कार्बनबाट हामीले प्राप्त गर्ने पैसा साँच्चै नै नेपाली गरिब, वनमा आश्रित समुदायसम्म पुग्न सक्छ? यस विषयमा सायदै हाम्रो रेडका विशेषज्ञ तथा सरकार स्पष्ट भएका होला । हामी रेडको नाममा तत्काल पाउने फाइदाको पछाडि दगुरिरहेका छौं । केही गैरसरकारी संस्थाका प्रतिनिधि र सरकारी प्रतिनिधिलाई विदेशयात्रा गर्ने अवसरभन्दा ज्यादा रेडप्लसले फाइदा दिन सक्लाजस्तो देखिँदैन ।

हामी किन रेड लागू गर्न चाहन्छौं ? हाम्रा वन समुदाय, वन श्रमिक, वनसँग प्रत्यक्ष सरोकार राख्ने आदिवासी-जनजाति, दलित, महिला मधेसी आदिले रेडप्लसबाट के-कस्ता फाइदा पाउन सक्छन् ? सोबारे प्रष्ट आधारसहित जानकारी गराइनुपर्छ । नेपालमा रेडप्लसमा सहयोग पुऱ्याउँदै आएका दातृ संस्थाको बाह्य र भित्रि चाहनाबारे आवश्यक विश्लेषण हुनुपर्दछ । के हामी रेडको नाममा आउने पैसाले वनको वर्तमान अपारदर्शी शासन संरचनाको रुपान्तरणमा खर्च गर्न सक्छौं ? वन र वन क्षेत्रको भू-स्वामित्व वन जोगाउनेलाई हस्तान्तरण गराउने कार्यमा खर्च गर्न सक्छौं ? रेडले नागरिक समाज र नीजि क्षेत्रको भूमिका बढाउन प्रत्यक्ष सहयोग गर्दछ ? यी र यस्ता थुप्रै सवाललाई समेटेर सरकारको अवधारणा सार्वजनिक गरिनुपर्छ । यसपछि मात्रै रेडलाई राष्ट्रिय विषय तथा मुद्दा बनाइनुपर्दछ ।

## सन्दर्भ सामग्री


**Additional Guidence on REDD+ Safegaurds Information systems (Breifing paper).** 2012.

**FCPF ERPA Term sheet.** 2012. FCPF.

**Final report of Social inclusion in REDD+ Readiness (Capacity Building Workshop for FCPF Countries in the Asia-pacific Region).** 2013. FCPF

**Incorporating environmental and social consideration into the process of Getting ready for REDD+;** FMT Note 2010-16

**Key message from the weilburg workshop**. 2013. Workhop on practical approaches to ensuring the full and effective participation of Indigenous Peoples in REDD+; Assesing Experiences and Lessons to Date organized by FCPF, UNREDD and BMZ.

**Khatri, D. and Paudel, Naya Sharma**. 2013. Is Nepal getting ready for REDD+? Forest Action Discussion Paper series: 12.2

**Paudel, G. and Karki, R**. 2013. REDD+ Governannce, Benefit sharing and the community: understanding REDD+ from stakeholders' prerspective in Nepal. *Forest and livelihood:* **11**(2):55-64

**Report of 2nd Women Leadership circle meeting, Nepal.** 2012. WOCAN

**TOR on SESA**. 2013. REDD Forestry and climate change cell. MOFSC, Nepal.

नेपाल रेड प्लस नागरिक समाज र आदिवासी सञ्जालको साझा अवधारणापत्र. २०१३.